‘शिक्षा, कृषि, पर्यटन, र पूर्वाधार, समुन्नत साल्पासिलिछोको आधार’

# साल्पासिलिछो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# चौकीडाडा, भोजपुर

# नीति तथा कार्यक्रम २०७६/०७७

**प्रस्तुतकर्ता**

श्री महेश राई

अध्यक्ष

साल्पासिलिछो गाउँपालिका

सात्पासिलिछो गाउँपालिकाको पाचौं गाउँसभाको बजेट अधिवेशनमा उपस्थित गाउँसभाका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न कार्यालय तथा संघसंस्थाबाट पाल्नु भएका महानुभावहरु एवं विभिन्न तह र क्षेत्रबाट पाल्नु भएका विद्धान महानुभाव, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा उपस्थित बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधानले व्यवस्था गरे बमोजिम शासकीय स्वरुपमा आएको परिवर्तन स्वरुपको संघीयताको कार्यान्वयनको चरणमा छौं । विभिन्न कालखण्डमा भएका आम नेपाली जनताको आन्दोलन, २०६२/६३ को जन-आन्दोलन, विभिन्न समयमा भएका राजनीतिक आन्दोलनको प्राप्ती स्वरुप आज हामीले आफ्नो घरदैलोमा स्थानीय सरकारको अनुभव गर्न पाईरहेका छौं ।

स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनीधिहरुको नेतृत्वमा स्थानीय सरकार गठन भएको अहिले तेस्रो बर्षको दौरानमा छौं । संघीयता कार्यान्वयनको क्रममा स्थापीत भएको स्थानीय तहका जननिर्वाचित सार्वभौम यस गरिमामय सभामा आगामी आर्थिक बर्षको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्त हर्सित भएको छ । देशलाई यस स्थितिमा ल्याउन, तथा जनताको अधिकारको लागि आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात महान सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । गणतन्त्र स्थापना तथा संघीयता कार्यन्वयनका लागि भुमिका खेल्नुहुने द्धण्दपीडित तथा अपाङ्गता हुनु भएका महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसैगरी विभिन्न आन्दोलनको क्रममा वेपत्ता हुनु भएका योद्धाहरुको यस गाउँसभाबाट स्मरण गर्न चाहन्छु । स्थानीय सरकार मार्फत आफ्नो गाउ आफै बनाउने अभियान सञ्चालन गर्न पाउनु भनेको एउटा सुनौलो अबसर र चुनौतीको रुपमा लिएको छु । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण भईसकेको हुदा स्थानीय तहलाई थप मर्यादित र व्यवस्थीत बनाउनु अबको आवस्यकताको रुपमा लिएको छु ।

**उपस्थीति गाउसभाका सदस्य ज्यूहरु, तथा अन्य महानुभाव,**

सात्पासिलिछो गाउँपालिकाको आगामी आ.ब. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले, गाउँसभामा आ.ब. २०७५/०७६ मा प्रस्तुत भएको नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।

- सात्पासिलिछो गाउँपालिकाको पहिलो गाउसभाले पारित गरे बमोजिम यस गाउँपालिकाको सबै वडा कार्यालयसम्म मोटरबाटोको ट्रयाकले जोड्ने काम सम्पन्न भईसकेको छ ।
- यस गाउपालिका भित्र रहेको मुख्य सडक मार्गहरुलाई फराकीलो चौडा बनाई स्तरउन्नती गर्ने काम भईरहेको छ ।
- गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा विद्युतिय हाजिरी जडान सहित भौतिक पूर्वाधारले सम्पन्न बनाउको काम भईरहेको छ । प्राथामिक विद्यालयहरुमा पूर्वाधार विकास तथा इसिडी कक्षालाई व्यवस्थीत पार्दै लगिएको छ । यसैगरी यसै बर्ष सात्पासिलिछो ६ बाघबालुङ्गमा एकवटा बाल विकास केन्द्र खोली सञ्चालनमा ल्याईएको छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई मध्यनजर गर्दे चालु आ. ब. मा औषधी तथा उपचारको अभाव हुन नदिनका लागि सक्दो पहल गरिएको छ । स्वास्थ्य संस्थाहरुमा उपकरण तथा औषधीको अभाव हुन दिइएको छैन । यसै बर्षमा दुर दराजमा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा पहुँच स्थापित गराउने खाटाम्माको गुरुङ्गगाउँ र कुलुङ्गको ठोटनरीमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी आल सञ्चालनमा आएका छन् ।
- कृषि तथा पशु सेवाका कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिएको छ ।
- न्यायिक निरुपणमा सहजीकरण गर्नका लागि सबै वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ । यसैगरी सथानीय सरकार सञ्चालन ऐनले तोके बमोजिमका न्यायिक निरुपणका कार्यहरु न्यायिक समितिले सम्पादन गरिरहेको छ ।
- गाउँपालिकामा स्थापना भएको विपद व्यवस्थापन कोषबाट प्रकोप पिडीत घरपरिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्ने कार्य गरिएको छ ।
- विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकाको विभिन्न वडामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । साथै विपन्न नागरीकलाई तोकिए बमोजिमका आर्थिक सहयता प्रदान गरिएको छ ।
- राजश्व संकलन कार्यलाई बैकिङ्ग प्रर्णाली संग आवद्ध गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सुरुवात गरिएको छ ।

**उपस्थीत सभासद एवम्र सम्पुर्ण महानुभावहरु,**

अब म साल्पासिलिछो गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । साल्पासिलिछो गाउँपालिकाको आगामी आ.ब. २०७६/०७७ लाई 'कृषि, पर्यटन र पूर्वाधार, समुन्नत साल्पासिलिछोको आधार' भन्ने अभियानलाई यस नीति तथा कार्यक्रममा अवलम्बन गरिएको छ । जसलाई कार्यन्वयन गर्न निम्न बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

प्रमुख नितिहरु

**पूर्वाधार नीनि :**

आवधिक योजनाको निर्माण गरी दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, संघीय सरकारको बार्षिक कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई स्थानीयकरण गरिदै लगिने छ । सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गर्दै गाउँपालिका क्षेत्र भित्र गौरबको आयोजना सञ्चालन गरी दिगो विकास गर्ने लक्ष्य लिईएको छ । चालु आ.ब.मा सम्पन्न नभएको आयोजनाहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिर्ने नीति लिइने छ । साल्पासिलिछो गाउँपालिका भौगोलिक रुपमा अत्यन्तै विकट भएको हुनाले सडक निर्माण कार्यलाई उच्च प्राथामिकता दिइएको छ ।

**कृषि निति :**

साल्पासिलिछो गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रर्णालीको विकास गर्दै लगिनेछ । यसैगरी गाउँपालिका भित्र रहेको विभिन्न क्षेत्रका उत्पादनको आधारलाई हेरी कृषि क्षेत्रको विकासका लागि कृषि पकेट क्षेत्रको स्थापनामा जोड दिइनेछ । किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दे कृषिको उत्पादन र उत्पादकत्व बढाउन भु-उपयोग नीतिको अवलम्बन गरी भुमिको व्यवस्थापन र कृषिको व्यवासायिकरण, औद्योगिकिरण, विविधीकरण र आधुनिकीकरण गर्दे लगिने निती अवलम्न गरिएको छ । यसै गरी साल्पासिलिछो गाउँपालिकाको वडा नं. ६ लाई किवि खेतीको पकेट क्षेत्र घोषणा गरी आवस्यक कार्यक्रम अगाडी बढाईनेछ । त्यस्तै गाउँपालिकाको आर्थिक स्रोतको रुपमा रहेको सतुवा लगायतका जडिवुटिहरु संरक्षणमा विषेश जोड दिईनेछ ।

**सामाजिक, सास्कृतिक तथा पर्यटन नीति :**

गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक, पुरातात्वीक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरीकलाई प्राथामिकता दिईनेछ । साल्पापोखरी, सिलिछो पहाड, हाउडाँडा, डेली ढुंगा, साकेचुङ ढुंगा, हर्कटे साल्पा, गोरुकाटेडाँडा, शिव शक्ति भक्ति आश्रम, योगमाया तपस्या भुमि, लगायतका पर्यटकीय स्थलहरुको विकास र प्रर्वद्धनमा विषेश जोड दिइनेछ । पालिकाको उपयुक्त स्थानमा पहिचान सहितको मौलिक संस्कृति झल्काउने खालको प्रवेशद्धार तथा स्तम्भहरु निर्माण गरिनेछ ।

**शिक्षा नीति**

सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच स्थापित गरी विद्यालय बाहिर रहेका वालवालिकाहरुलाई शुन्यमा झारिनेछ । गुणस्तरीय शिक्षाका प्रदानका लागि वाल विकास मेन्द्रको व्यवस्थापन गर्दे आधारभुत तहको व्यवस्थापनमा विशेष जोड दिईनेछ । आधारभुत्त र माध्यमिक तहका शिक्षकहरुलाई पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ । विद्यालयको भौतिक सूधार क्रमश गर्दे लगिनेछ । विद्यालय शिक्षालाई सूचनामैत्री बनाउन विद्युतीय हाजिरी जडान गर्ने कार्यक्रमलाई थप निरन्तरता दिदै लगिनेछ । साथै गाउँपालिकाको एकमात्र उच्च शिक्षा हासिल गर्ने थलो कुलुङ्ग बहुमुखी क्याम्पसलाई थप विकास गर्दे लगिने नीति लिइनेछ । कार्यसम्पादनको आधारमा उत्कृष्ट शिक्षक र विद्यालयलाई प्रात्साहनको लागि उचित व्यवस्था गरिनेछ । एस इ इ मा गाउँपालिका भित्र उत्कृष्ट हुने छात्र-छात्रालाई प्रोत्साहीत गरिने नीति लिइएको छ । विद्यालयहरुलाई बाल मैत्री विद्यालय बनाउन पहल गरिनेछ ।

**स्वास्थ्य नीति**

स्वास्थ्य नै धन हो भन्ने मुल मन्त्रलाई आधार मानि सबै नागरिकलाई गुणस्तरीय तथा विश्वासनिय स्वास्थ्य सेवा उपलव्ध गराईनेछ । स्वास्थ्य सस्थाहरुलाई व्यवस्थीत गर्दे निकट भविश्यमा गाउँपालिका स्तरीय अस्पताल निर्माणका लागि आवस्यक पहल गरिनेछ । साथै आवस्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाईको स्थापना गर्दे लगिनेछ । स्वास्थ्यका कर्मचारीहरुको क्षमता विकास गर्न आवस्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिला स्वम् सेविकाहरुको कार्यलाई थप प्रभावकारी बनाउन प्रोत्साहीत गरिदै लगिनेछ ।

**खानेपानी तथा सरसफाई नीति**

गाउँपालिका भित्रका नागरीकलाई स्वाच्छ खानेपानीको व्यवस्था गर्नका लागि पानीको मुहान संरक्षण तथा सुद्धिकरण गर्दै लगिनेछ । सबै नागरीकलाई खानेपानीमा पहुँच विस्तार गर्न आवस्यक योजनाहरु सञ्चालन गरिनेछ । पालिका भित्रका सबै सार्वजनिक निकायहरुमा सुविधा सम्पन्न सौचालय निर्माण गर्ने नीति लिईनेछ । यसैगरी सार्वजनिक स्थलहरुमा सार्वजनिक सौचालय निर्माण गर्ने नीति लिइएको छ ।

**उर्जा सम्बन्धी नीति**

गाउँपालिका भित्रका विभिन्न स्थानमा अझै पनि विजुली बत्तीको सुविधा नपुगेको वैकल्पीक उर्जाको प्रयोगबाट उज्यालो कार्यक्रमलाई आगामी आ.ब.मा पनि निरन्तरता दिईने नीति अवलम्बन गरिएको छ । स्थानीय साना जल विद्यूत उत्पादन गृहहरुलाई प्रोत्साहीत गर्दै लगिनेछ । गाउँपालिकाको सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रसारण लाईनमा जोड्न आवस्यक पहल गरिनेछ ।

**यूवा तथा खेलकुद**

पालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितालाई संस्थागत गर्दै लगिनेछ । खेलकुद क्षेत्रको विकासको लागि पालिका स्तरीय खेलमैदान र वडा स्तरीय खेलमैदानहरु निर्माण गर्दै लगिनेछ । वेरोजगार यूवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोगजारीको सृजना गर्दै लगिनेछ । यूवाहरुलाई आत्मनिर्भर बनाउनका लागि **'अध्यक्ष स्वभलम्बन कोष'** खडा गरी यूवा उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालनका लागि एक कार्यविधि तयार गरी लागु गरिनेछ ।

**वातावरण, जलवायु तथा भुसंरक्षण नीति**

**एक नेपाली एक फलफुलको विरुवा रोप्ने** कार्यक्रमलाई प्रभावकारी बनाउन आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ । वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ । नदि नियन्त्रण, पहिरो नियन्त्रण, जलधार संरक्षण, बव फडानी नियन्त्रण, बन्यजन्तु चोरी निकासी नियन्त्रण, बन पैदावार नियन्त्रण, वृक्षरोपण कार्यक्रम, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ । जलवायु परिवर्तनसंग सम्बन्धीत क्षेत्रमा कार्यररत विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ । बाढी पहिरो भुक्षयलाई न्युनिकरण गर्न बायो इन्जिनियररिङ्गको प्रविधि अङ्गिकार गरिनेछ ।

**सामाजिक सुरक्षा सम्बन्धी नीति**

लक्षित बर्गका लागि सशक्तिकरण गर्ने र उनीहरुलाई समाजको मुल धारमा ल्याउने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिने नीति अवलम्वन गरिनेछ । मानव अधिकारको उच्च सम्मान गर्दै सामाजिक न्याय सहितको समतामुलक समाजको निर्माण गर्ने नीति लिइनेछ । जेष्ठ नागरीकहरुलाई मनोरञ्जन प्रदान गर्न जेष्ठ नागरीक क्लव स्थापना गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण प्रर्णालीलाई व्यवस्थीत गर्दै लगिनेछ ।

**बैक तथा वित्तिय संस्था सम्बन्धी नीति**

विभिन्न समुह मार्फत बचत तथा ऋणको कारोबार गर्ने स-साना समुहहरुलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहीत गरिनेछ । सहकारी संस्थाको स्थापनामा जोड दिइनेछ । बैक तथा वित्तिय संस्थाहरुको स्थापना गर्न आवस्यक सहजीकरण गरिनेछ ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीति**

सार्वजनिक सेवा प्रवाहलाई विभेद रहित बनाउदै गुणस्तरीय र छिटो छरितो झन्जट रहित ढंगले सरलीकृत सेवा प्रवाह गर्ने नीति अवलम्बन गरिनेछ । कार्यसम्पादन मुल्यांकनको आधारमा कर्मचारीहरुलाई क्षमता विकास तालिम, पुरस्कार तथा दण्ड सजायको समेत व्यवस्था मिलाईनेछ ।

अन्त्यमा : **'समृद्ध साल्पासिलिछो शुखी साल्पासिलिछो बासी'** बनाउने अभियानमा जुट्न सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद